# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, असार २४ गते २०४८ साल (अतिरिक्ताङ्क १८


## भाग ३

श्री ५ को सरकार

### शिक्षा तथा संस्कृति मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरी २०४७ साल माघ महीनामा परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालन भएको गौरीगञ्ज केन्द्र झापाको एस. एल. सी. कंपार्टमेण्टल समूहको अंग्रेजी विषयमा लिइएको परीक्षाको उत्तर पुस्तिकाहरू परीक्षकबाट परीक्षण नभएकै अवस्थामा बाहिर बजारमा फेला परेको सम्बन्धमा जाँचबुझ गरी राय ठहर साथ प्रतिवेदन पेश गर्न कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सह-सचिव श्री सुरेशमान श्रेष्ठ रहेको एक सदस्यीय जाँचबुझ आयोग गठन गरेको छ।

उक्त आयोगको कार्यावधि काम शुरू गरेको मितिले छ हप्ताको हुनेछ।

आज्ञाले,

ईश्वरप्रसाद उपाध्याय

श्री ५ को सरकारको का. मु. सचिव


259 मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।



यो प्रतिलिपि मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।